# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-५ | अंक-२१ | २०७७ पुस १ गते बुधबार | 16 December 2020 Wednesday | मूल्य रू. १०/-


## पर्यटकको चहलपहल वढ्दै


**मिसन न्यूज**

**कालिकोट**


पर्यटन सम्भावना बोकेको कर्णाली समृद्धितिर लम्किँदै छ। प्राकृतिक सम्पदाको धनि मानिएको कर्णालीमा अचेल पर्यटन समृद्धिको आशा पलाएको हो । सरकारले स्न २०२० लाई केन्द्रित गरेर पर्यटन भ्रमण वर्ष घोषणा भएको थियो । कर्णालीमा पर्यटकको चहलपहल बढ्न थालेको छ । कर्णालीमा रहेका सयौ पर्यटकिय क्षेत्रको पहिचान र पवर्द्धन गर्नका लागि प्रदेश सरकारले पनि पर्यटन विकासका गतिविधि अगाडी सारेको छ। कर्णालीका पर्यटकिय क्षेत्रमा पर्यटक आगमन बढ्दो अवस्था रहेको प्रदेश सरकारले जनाएको छ । विगतको तुलनामा पर्यटकको संख्या कर्णालीमा वृद्धि भएको हो ।

भ्रमण वर्ष २०२० लाई सफल पार्न कर्णालीका सवै सरोकारवाला जाग्नु पर्ने कर्णाली प्रदेश सरकारकारको अनुरोध छ। कर्णालीका १० वटै जिल्लाका जनप्रतिनिधि र पर्यटन व्यवसायी उद्योगीले कर्णालीको पहिचान गर्न भ्रमण वर्षलाई शुभ अवसरको रुपमा लिइएको छ । कर्णाली प्रदेश प्राकृतिक स्रोतसाधनले धनी भएकाले यसको व्यापक प्रचार प्रसार गर्न जरुरी छ। नेपालको पर्यटन प्रवर्द्धनको हिसाबले 'भर्जिन' क्षेत्रको रुपमा



सुर्खेतको बुलवुले ताल। तस्विर : मिसन न्यूज

कर्णालीलाई लिने गरिन्छ । आर्थिक समृद्धि र पर्यटन हव बनाउन तिनै तहका सरकारलाई विशेष ध्यानदिन कर्णालीवासीले आग्रह गरेका छन् । कर्णाली प्रदेश सरकारले गएको २०७५ साललाई 'रारा(कर्णाली पर्यटन वर्ष २०७५' मनाएको थियो । जसको सुरुवात २०७५ साल वैशाख १ गते प्रधानमन्त्री केपी शर्मा ओलीले राराबाटै उद्घाटन गरेका थिए। गत वर्ष ५ लाख पर्यटक कर्णाली प्रदेशमा आगमन गराउने लक्ष्यरहेको थियो । तर, लक्ष्य अनुसार पर्यटक आवागमन भएको प्रदेश सरकारले दावी गरेको छ। धेरैलाई कर्णाली विकट र सुविधाविहिन स्थान हो भन्ने भान छ भने भू(प्राकृतिक र भू(सांस्कृतिक हिसाबले यसले पर्यटकलाई पार्न सक्ने मनमोहकता र अक्षत (भर्जिन) अवस्थाको गन्तव्य हो भन्ने कुराको जानकारी धेरैसमक्ष पुग्न सकेको छैन । नेपालकै आर्कषक पर्यटकीय गन्तव्य हो( कर्णाली प्रदेश । तर, यहाँका पर्यटकीय गन्तव्यका लागि एकातिर आवश्यक पूर्वाधार तथा सेवासुविधालाई पर्यटकमैत्री बनाउने गरी प्रवर्द्धन गर्न सकिएको छैन। पर्यटकीय प्रवर्द्धनका लागि हुनुपर्ने प्रादेशिक,

**बाँकी ८ पेजमा.....**

## ग्रामिण क्षेत्रमा महिलाको सचेतना


**मिसन न्यूज**

**कालिकोट**


जिल्लामा रहेका छाउगोठ भत्काउन जिल्ला प्रशासन कार्यालयले निर्देशन जारी गरेको छ। महिनावारी भएकी महिलालाई छाउगोठमा राख्नेलाई वृद्ध भत्ता, सामाजिक सुरक्षा भत्ता, सहुलियत कर्जा, सिफारिसलगायतका सबै सेवा रोक्नुका साथै कानुनी कारवाही गर्ने भन्दै प्रशासन कार्यालयले उर्दी जारी गरेको हो। जिल्ला प्रशासन कार्यालय कालिकोटले सोमबार एक सार्वजनिक सूचना प्रकाशित गर्दै जिल्लाका कुनै पनि स्थानमा छाउगोठ नराख्न आग्रह गरेको छ।

जिल्लामा रहेका छाउगोठ भत्काउन जिल्लाव्यापी अभियान चलाइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। जिल्लामा रहेका प्रहरी युनिटलाई परिचालन गरी छाउगोठको तथ्यांक संकलन तथा स्थानिय राजनीतिक दल, नागरिक समाज लगायतका सरोकारवालाको सहभागीतामा भत्काउने प्रशासनले जनाएको छ । जिल्लाका ग्रामीण क्षेत्रमा अहिले पनि छाउ बार्ने तथा गाई गोठमा महिनावारी भएका महिलालाई राख्ने गरेको सूचनाका आधारमा जिल्ला प्रशासनले छाउगोठ


छाउपडी प्रथा न्यूनिकरणका विषयमा छलफल गर्दै स्थानीय महिला।

भत्काउन सबै स्थानीय तहलाई पत्राचारसमेत गरेको छ । गृह मन्त्रालयले जिल्लामा रहेका छाउगोठलाई भत्काउन जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएपछि जिल्ला प्रशासनले छाउगोठ राख्ने तथा छाउगोठमा बस्न बाध्य बनाउनेलाई कारवाही गर्ने भएको हो । मुलुकी अपराधसंहिता, २०७४ ले परिभाषित गरेका सामाजिक विभेद र भेदभाव तथा अपमानजनक व्यवहारविरुद्धका कानुनी व्यवस्था सम्बन्धमा आम नागरिकमा व्यापक सचेतनामूलक अभियान सञ्चालन गर्ने पनि प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेलले जानकारी दिए । जिल्लाका सबै स्थानीय तहलाई आफ्नो स्थानीय तहमा

**बाँकी ८ पेजमा.....**

## एम्बुलेन्स अभाव

**जुम्ला -** जिल्लाका विकट बस्तीहरुमा अहिले पनि एम्बुलेन्सको सहज पहुँज छैन । भौगोलिक विकटताका कारण अहिले पनि स्वास्थ्य चौकीको पहुँजमा यहाँका नागरिक छैनन् । यहाँ ग्रामिण बस्तीमा महिलाहरु सुत्केरी हुँदा निकै समस्या हुने गरेको छ। भएका एम्बुलेन्सको समेत उचित प्रयोग हुन सक्दा त्यसको प्रत्यक्ष असर सुत्केरी महिलामा पर्ने गरेको छ। जिल्लाका आठ स्थानीय तह मध्ये एक सिंजा गाउँपालिकाले पनि गाउँपालिकाका बिरामी र सुत्केरीलाई मध्यनजर गरी गत बैशाखमा एम्बुलेन्स खरिद गरेको थियो। बिरामी बोक्नुको साटो जनप्रतिनिधि बोक्ने गरेपछि केही महिना मै एम्बुलेन्स बिग्रियो । चार महिनादेखि बिग्रेको एम्बुलेनस मर्मत नहुँदा यहाँका नागरिक र सुत्केरी महिलाहरुलाई निकै समस्या हुने गरेको छ। एम्बुलेन्स बिग्रेकै कारण यहाँको सिंजा गाउँपालिका वडा नम्बर २ की एक महिलालाई सुत्केरी व्यथा लाग्यो । एम्बुलेन्सको पखाईमा चार घण्टासम्म कुर्दा समेत नआएपछि स्टेचरमै स्वास्थ्य चौकी पुयाइएको छ। स्थानीय धिर बहादुर शाही जनप्रतिनिधि चढेकै कारण



एम्बुलेन्स बिग्रिएकोले महिलाको ज्यान बचाउन निकै मुस्किल भएको बताउँछन्। 'आधा घण्टाको बाटोमा एक घण्टा लगाएर स्वास्थ्य चौकी लिनु पर्यो', उनले भने, 'एम्बुलेन्स भएको भए यति धेरै दुःख पाउनु पर्ने नै थिएन ।' गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरुले एउटा स्करपियो गाडी र ८ ओटा मोटरसाइकल हाल प्रयोग गरिरहेका छन्। तर बिरामी बोक्ने नयाँ एम्बुलेन्स बिग्रेको ३ महिना बितिसक्दा पनि वास्ता गरेको देखिँदैन । जनप्रतिनिधिका आफन्त र गाउँपालिका कर्मचारीले प्रयोग गर्छन् तर हिउँदमा महिलाहरुको यो बिजोग हुँदा पनि आफुहरुलाई काम नलागेको सुत्केरी महिला बोकेर आएकी वडा नम्बर २ की एक महिलाले गुनासो गरिन्। उनी भन्छिन्, 'हामीलाई सिंहदरबार अहिले घर घरमा आउँछ।' गाउँपालिकाका जनप्रतिनिधिको ध्यान वार्षिक बजेट बाँडफाड गर्ने कामभन्दा अन्यत्र जान नसकेको स्थानीयको गुनासो छ। जनताको स्वास्थ्यप्रति स्थानीय सरकार गैरजिम्मेवार रहेको उनीहरू गुनासो गर्छन् । यस्ता गाउँपालिकाले पनि यस विषयमा गम्भिर ध्यानाकर्षण भएको जनाएको छ। गाउँपालिको वडा नम्बर १ का अध्यक्ष रणबहादुर रोकायाले

**बाँकी ८ पेजमा.....**

# सम्पादकीय...

## पर्यटन क्षेत्रको चासो

पर्यटनमा कर्णाली अग्रसरमा छ। पर्यटनमा कर्णाली प्रदेशले तिव्र तयारी थालेको छ। नेपाल  सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन बोर्डको तयारीमा पर्यटन वर्ष समेत मनाइएको थियो। कर्णालीका पर्यटकीय क्षेत्र कर्णाली प्रदेशले पनि आफ्नो तयारी थालेको सुखत कुरा हो। यसै विषयलाई लिएर कर्णाली प्रदेशले कर्णालीका विभिन्न स्थानमा पर्यटकिय चहलपहल गर्न थालेको छ। पर्यटन वर्षको समय शुभराम्भ भएपछि पर्यटन क्षेत्रको ठूलो हिस्सा बोकेको कर्णाली प्रदेशको तयारी के ? भन्ने सवालमा छलफल केन्द्रित भएको छ। कर्णाली प्रदेशको पर्यटन वर्ष २०२० संयोजक समितिले पर्यटन गतिविधिलाई जोड दिएको थियो । समग्र कर्णालीको पर्यटन प्रवर्द्धनको प्रमुख चुनौंती भौतिक पूर्वाधार रहेको देखिन्छ। हवाईसहित स्थल यातायात सुविधा तथा प्रयाप्त होटल लज तथा होमस्टेको व्यवस्था पर्यटन वर्षको मुख्य चुनौंती रहेको छ। त्यसका लागि केन्द्र सरकार र प्रदेश सरकारले बेलैमा ध्यान दिनुपर्ने देखिन्छ।

पर्यटन वर्षका लागि सरकारले छुट्याएको १०० स्थानमध्य कर्णाली प्रदेशमा मात्र २१ स्थान पर्छन् । ती स्थानहरु मध्ये कुनकुन स्थान पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण छन् र ती क्षेत्रको तयारी आवश्यक छ त्यसको पहिचान गर्नुपर्छ। त्यसैअनुरुप तयारी थालिनुपर्छ। कर्णाली प्रदेशको मुख्य-मुख्य पर्यटकिय स्थलहरुमा मुगुको रारा ताल, रारा राष्ट्रिय निकुञ्ज, विश्वकै अग्लो स्थानमा रहेको छायाँनाथ मन्दिर, डोल्पाको शेगुम्बा र फोक्सुडो ताल, वाला त्रिपुरा सुन्दरी, जुम्लाको नेपाली भाषा तथा सभ्यताको उद्गमथलो सिञ्जा उपत्यका, सुर्खेतको काँक्रेविहार, बुलबुले ताल, देउती बज्यै मन्दिर, कालीकोटको रास्कोट, पञ्चदेवल, विश्वकै अग्लो मानिएको पातल छहारा छन्। त्यस्तै हुम्लाको लिमी उपत्यका, सबैभन्दा पुरानो हाल्जी गुम्बा, रलिङ गुम्बा, याल्वाङ गुम्बा, खापुनाथ देखि मानसरोवर कैलाशको पैदल यात्रा, सल्यानको कुपिन्डेदह,रुकुमको स्यार्पुदह, जाजरकोटको ठाकुरजी दह, दैलेखमा ज्वाला, दुल्लु दरबार, नेपालका विभिन्न जातिका ३२ थरको उद्गमस्थललगायत प्रमुख पर्यटकीय सम्पदाहरू रहेका छन्। यति धेरै पर्यटकीय क्षेत्र तथा स्थलहरु रहेर पनि कर्णाली पूर्वाधारको विकासका कारण पछि परेको छ। यस्ता खाले सवै पर्यटकिय क्षेत्रको विकास गर्न तिनै तहका सरकारले अगाडि बड्न जरुरी देखिन्छ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई  स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## जग्गा दान गर्नेको लहर

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको शुभकालिका गाउँपालिका ५ निवासी डिलबहादुर शाही र पद्मा शाहीको परिवारले प्रहरी चौकीलाई तीन रोपनी जग्गा दान गरेका छन्। शाही परिवारले जिल्लाको शुभकालिका गाउँपालिका ५ मा स्थापना हुन लागेको प्रहरी चौकीका लागि करिब ६ लाख मुल्य बराबरको



तीन रोपनी जग्गा निशुल्क रुपमा दान गरेका हुन्। वीरजित शाहीका नाती, दानबहादुर शाहीका छोरा डिलबहादुर शाही, गोरख शाही, विरेन्द्र शाही र महेन्द्र शाहीको हक लाग्ने उक्त जग्गा गाउँमा स्थापना हुने लागेको प्रहरी चौकी निर्माणका लागि निशुल्क दान गरेका हुन्।

जिल्ला प्रहरी कार्यालय डीएसपी श्यामबाबु ओलीयालाई जग्गाको लालपूर्जा हस्तान्त्रण गर्दै जग्गा धनी डिलबहादुर शाहीले गाउँमा प्रहरी चौकी हुँदा सुरक्षाको प्रत्याभूति हुने र आफ्ना ५ वटा छोरा माध्यामिक तहसम्म अध्यायन गरेर पनि बेरोजगार रहेकाले प्रहरीमा जागिर खाऊन भन्ने सोचले जग्गा दान गरिएको बताए। उनले भने, 'आफ्नै जग्गामा प्रहरी चौकी निर्माण भएपछि सन्तान नेपाल प्रहरीमा जागिर खानका लागि प्रेणा पाउनेछन्। उनीहरुलाई प्रहरी बन्ने रहर जाग्न सक्छ। उनले भने, 'गाउँपालिकाको केन्द्र सुकाटिया भएपछि आफूले गाउँपालिकालाई पनि १ हजार १ सय वर्गमिटर जग्गा निशुल्क दान गरेको थिए। मेरो नाममा रहेको जग्गामा गाउँपालिका कार्यालय र प्रहरी चौकी निर्माण हुने भएपछि गर्भ लागेको छ। जिल्ला प्रहरी प्रमुख डीएसपी ओलीयाले नेपाल सरकार मन्त्रीपरिषदरुको २०७६ साल असोज ७ गतेको निर्णयअनुसार पालिका केन्द्रमा प्रहरी चौकी नरहेका शुभकालिका गाउँपालिका ५ सुकाटिया, सान्नीत्रिवेणी गाउँपालिकाको मेहेलमुडी र तिलागुफा नगरपालिकाको ६ गाल्जेमा प्रहरी चौकी स्थापना गर्न लागिएको बताए। उनले यसअन्तरगत शुभकालिका गाउँपालिका ५ मा निर्माण हुने प्रहरी चौकी सुकाटियाका लागि डिलबहादुर शाहीको परिवारले निशुल्क १ हजार ५ सय २५ वर्गमिटर जग्गा दान गरेको बताए। उनका अनुसार ती प्रहरी चौकीमा १५र१५ जना प्रहरीको दरबन्दी पनि स्वीकृत भएको छ।

जस अन्तरगत स्थानीय तहसँगको समन्वयमा तीनवटै प्रहरी चौकीका लागि जग्गा खोजी गरिएको थियो। प्रहरी चौकी सुकाटियाका लागि जग्गा प्राप्त भइसकेको छ भने बाँकी प्रहरी चौकी मेहेलमुडी र प्रहरी चौकी गाल्जेका लागि जग्गा खोजी भइरहेको छ। डीएसपी ओलीयाले जिल्लामा इलाका प्रहरी चौकी पचालझरना, प्रहरी चौकी नाग्म, प्रहरी चौकी मेहेलमुडी र प्रहरी चौकी गाल्जे गरी चार वटा प्रहरी चौकीको लागि जग्गा खोजी भइरहेको बताए। उनले अहिले ती चौकी भाडाको घरमा संचालन भइरहेको बताए। चौकीका लागि जग्गा प्राप्त भएपछि भवन पनि निर्माण हुने उनको भनाई छ।

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  (  Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# संघीयताले बदलिँदो जनजीवन



**नगिन्द्र शाही 'नेशनल'**

अहिले देशमा संघीयता कार्यन्वयन भइराखेको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन ठाउँबाट तीनैवटा सरकारले जनतालाई दैनिक सेवा प्रवाह गरिराखेका छन् । संघीयता कार्यन्वयनका पहिलो र दोस्रो वर्षमा देखिएका प्रशासनिक र व्यावहारिक जटिलताहरूका चाङ बिस्तारै पल्टिँदै आइरहेका छन् । दशकौं लामो केन्द्रीकृत व्यवस्थाको अवयवमा अभ्यस्त जनताको आम मनोविज्ञान र अर्कोथरी संघीय व्यवस्थाले वितरण गर्ने सेवाहरूबाट लाभान्वित हुने जनताको व्यग्र आकांक्षाबीच तादात्म्य नमिल्दा केही गुनासाका चर्के स्वरहरू सुनिएका थिए जो केही स्वाभाविक र केही अस्वाभाविक छन् ।

संघीय व्यवस्थाका कुरा सुनेका र संघीयताका बारेमा किताबमा पढेका नेपाली जनताका निम्ति संघीयता नयाँ र नौलो नै भएकाले यो संरचनामा अभ्यस्त हुन केही समय लाग्ने कुरा मनासिब थियो, अझै पनि छ । संघीयताको आगमनसँगै दैनन्दिनी बदलिने अभिलाषी जनताले सेवा सुविधा प्राप्तिका निम्ति गरेका ठूला स्वरहरूले जनप्रतिनिधिलाई थप सजक बनाउँदै ल्याएको छ । विगतमा दशकपिच्छे हुने नेपालको राजनीतिक उथलपुथलले नेपाली जनतालाई वस्तुवादी कम र आदर्शवादी धेरै बनाउने खालको संस्कार विकास गरेको थियो । केही अपवादबाहेक आदर्शवादी प्रवृत्तिको प्रभाव अहिले पनि हाम्रो समाजमा विद्यमान छ । विगतको सिकाइ र बुझाइ एक थरीको भएको हुँदा संघीयतापछि गर्नुपर्ने काम अर्को थरीको हुँदा तौरतरिका बदल्न नसक्नु अहिलेको हाम्रो साझा समस्या हो । सैद्धान्तिकरूपमा के बुझ्न जरुरी छ भने, व्यवस्था चाहे जुन सुकै होस् त्यो सबैका निम्ति राम्रो वा सबैका निम्ति नराम्रो हुँदैन जुनसुकै व्यवस्थाको पक्ष र विपक्षमा न्यूनाधिक आवाज भइरहन्छन् । जुन आवाज अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कार्यन्वयनको दौरानमा पनि भएका छन् । हिजोको एकात्मक व्यवस्थाको केन्द्रभागमा बसेर राज्यको स्रोतसाधनमा हालीमुहाली गरेका अभिजात वर्गका लागि केही असजिलो हुने कुरा अस्वाभाविक होइन । व्यवस्था परिवर्तनले ल्याएको शासन प्रणालीको पुनर्संरचनाले आम समाजमा पारेको सकारात्मक र नकारात्मक प्रभावबारे खोतल्नुपर्ने हुन्छ । वादे वादे जायते तत्वबोधः भनेझैं शृंखलाबद्ध छलफलले अवधारणागत विषयवस्तुलाई सही स्थानमा ल्याउन मद्दत गर्छ ।

आधारभूत जनताको आमूल परिवर्तका निम्ति सामाजिक न्यायसहितको समृद्धिको कार्ययोजना र त्यसको कार्यन्वयनमा आम जनताको सहभागिताले समाज विकासमा अर्थपूर्ण भूमिका निवार्ह गरेको हुन्छ । जुन कुरा विद्यमान शासन प्रणालीको आत्मबल हो । शासन प्रणालीको चरित्र आम जनताको हित गर्ने खालको छ कि छैन भन्ने विषय नै समाज विकासका निम्ति प्रमुख पक्ष रहन्छ । शासन व्यवस्था जनताको समग्र हितको प्रतिनिधित्व गर्ने खालको भएन भने समाजको सर्वांगीण विकास निर्माण पक्षपाती र विभेदीकरणमा परिभाषित हुन्छ । जसको परिणाम समाजमा अस्थिरता, चञ्चलता र असन्तोषका आवाज मुखरित हुने गर्छन् । यसको व्यवस्थापन उचित ढंगले हुनसकेन भने सामाजिक सम्बन्धहरूलाई पुनः परिभाषा गर्न जनताले पुनः विग्रह गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना हुन्छ । जुन किसिमका गतिविधिहरू विगतमा भए जसको परिणाम देशमा आमूल परिवर्तन सम्भव भयो र देशको शासन सत्ताको बागडोर जनताको हातमा आइपुग्यो । २०७४ सालको स्थानीय तहको निर्वाचनपश्चात् जनताले गाउँ, टोल तहको शासन व्यवस्था सञ्चालनको मियो बन्ने अवसर प्राप्त गरेका छन् । समयको हिसाबले संघीयता कार्यान्वयन शिशु कालमै छ । स्वभाविकै हुन्छ जहाँ इच्छा, आकांक्षा हुन्छ त्यहाँ गुनासाहरू पनि हुन्छन् । वास्तवमै संघीय व्यवस्थासँग नेपाली जनताका अथाह आशाहरू जोडिएका हुँदा केही गुनासाहरू पनि हुने नै भए । तथापि, गुनासाका परिभाषा हिजोका भन्दा ठ्याक्कै बदलिएका छन् । विगतका गुनासाहरू सिधै काठमाडौंसँग हुने गर्थे भने आजका गुनासा आफ्ना जनप्रतिनिधिहरूसँग हुने गरेका छन् । विगतमा कर्णालीका समुदायको गुनासो सिंहदरबारसँग, महिलाको गुनासो पितृसत्तात्मक सोचसँग, मधेसको गुनासो पहाडसँग, दलित समुदायको गुनासो ब्राह्मणवादी सोचसँग, आदिवासी जनजाति समुदायको गुनासो खस प्रभुत्वसँग र निमुखाको गुनासो कुलीनतन्त्रसँग रहेको हुन्थ्यो ।

जसले गर्दा विगतको नेपाली समाजको आम चिन्तन एक समुदाय अर्को समुदायको उन्नति र प्रगतिको प्रमुख बाधक ठान्ने थियो । तर, संघीयता कार्यान्वयनपश्चात् आम समाजको चिन्तनमा अल्लेखनीय परिवर्तन भएको छ । संघीय संरचनाले राज्यको आधारभूत तहदेखि माथिल्लो तहसम्म सिर्जना गरेका प्रशासनिक संयन्त्रहरूको काम कारबाहीले विगतका एकात्मक सोचहरू आलोचनात्मक चेतमा रूपान्तरित हुँदैछन् । संघीयतापछि प्रशासनिक कार्यमा भएको सहजताले जनताको दैनिकीमा व्यापक फेरबदल ल्याएको छ । साथै सेवा, सुविधा र अवसरमा आम सर्वसाधारणको प्रत्यक्ष सहभागिता अनिवार्य बनेको छ । पहुँचले अवसरको सिर्जना गर्छ, भनेझैं संघीय लोकतान्त्रिक शासन प्रणालीले देशका सबै तहमा अथाह अवसरहरूको सिर्जना गरेको छ । तर, तिनवटै तहका सरकारसँग सीमित स्रोत, साधन र जनताका असीमित आवश्यकताहरू छन् । आफ्ना आवश्यकताहरू परिपूर्ति गर्न आम नागरिक यो संघीय व्यवस्थाबाट यथेष्ट लाभ लिने उत्कृष्टता छ । विगतमा सर्वसाधारणलाई अवसर के हुन् ? कुन ठाउँमा कसरी प्राप्त गर्न सकिन्छ भन्नेसमेत मेसो पाउन गाह्रो हुन्थ्यो । सानोतिनो प्रशासनिक सेवासमेत लिन नेता वा कोही अरूको सहारा लिनुपर्ने बाध्यता थियो । तर, अहिले संघीयताले प्रशासनिक सेवाको सन्दर्भमा मात्र होइन विकास निर्माणलगायत सबै क्षेत्रमा आम जनताको पहुँच विस्तार गरेको छ । हिजो सिंहदरबारबाट विनियोजन हुने योजनाको उपभोक्ता समितिसमेत काठमाडौंको कुनै होटलमा गठन भएर गाउँमा आउने गर्थे । जिल्लाबाट विनियोजन हुने योजनाको हालत पनि त्यस्तै हुन्थ्यो । टाठाबाठा र बोलवालाकै दायाँबायाँ घुम्ने सरकारी र गैरसरकारी स्रोत अहिले गाउँमा पुगेको छ । अहिले पनि सम्पूर्ण ढंगबाट आम जनताको पक्षमा सदुपयोग हुन नसकेको भए पनि वितरण प्रक्रिया र सेवा प्राप्त गर्ने विधिबारे सचेतीकरण बढेको अवश्य छ । जसले आम जनतामा सचेत, सजग र प्रतिस्पर्धा गर्ने साहस बढिरहेको छ । संघीयता कार्यान्वयन भइरहँदा अहिले जनताका विगतदेखिका विकास निर्माण र अन्य अधिकार प्राप्तिका समस्याहरू धीमा गतिमा हल हुँदै गइरहेका छन् ।

संघीय शासन प्रणालीप्रति जनताको आशा, भरोसा बढ्दै गइरहेको छ भने त्यस्तै केही जनप्रतिनिधिहरूले गरेका आर्थिक अनिमियतता, सेवा सुविधा वितरणमा नातावाद र व्यक्तिवादका घटनाले जनप्रतिनिधिप्रति अविश्वास पनि बढ्दै आइरहेको छ । जुन प्रकारका गतिविधिका कारण परिपक्व हुँदै गरेको संघीयताले आलोचित हुन परेका तिता घटनाहरू छन् । तर, जनताको आधारभूत तहमा संघीयताको कार्यान्वयन पक्ष हेर्दा संघीयताले समाज विकासका चौतर्फी सम्भावनाका द्वार खोलेको छ । वनबाट ल्याएको थुनबाट आएको मात्रमा रमाउने आम प्रवृत्तिमा केही गरौं र केही गर्नुपर्छ भन्ने मान्यता जागृत हुँदैछ । वास्तवमा नेपालमा संघीयताको कार्यान्वयनले सबै स्थानीय तहमा व्यापक सेवा क्षेत्रहरूको विकासमा वृद्धि भएको छ तर विडम्बना उत्पादन क्षेत्रको वृद्धि हुन सकिरहेको छैन । संघीयताले सिर्जना गरेको सेवा क्षेत्रहरूमा आम मानिसको दैनिकी बदलिएको छ । तर, समग्र जीवन पद्धति बदल्न संघीय संरचनाले वितरण गर्ने स्रोतसाधन उत्पादन क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । हिमालय टाइम्सबाट


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# कोरोनाले पर्यटनका गतिविधिकमा वाधा

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेश सरकारले पर्यन वर्ष २०२० सफल गर्न सकेन । गत जनवरी १ तथा पुष १६ गते सुर्खेतको प्रमुख पर्यटकिय स्थल बुलबुलेबाट भ्रमण बर्षको शुभारम्भ व्यापक गरेको थियो । कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश पर्यटन प्रवर्द्धन समिति र वीरेन्द्रनगर नगरपालिकाको संयुक्त आयोजनामा कार्यक्रम गरिने छ । कार्यक्रममा प्रदेशका प्रमुख प्राकृतिक, सांस्कृतिक, धार्मिक, पर्यटकिय सम्पदाहरुको फोटो, ब्यानर तथा पोष्टहरुको प्रचार प्रसार गरिने छ । साथै प्रदेशको संस्कृति झल्किने सांस्कृतिक प्रस्तुति गरिनेछ । कर्णाली प्रदेशको छुट्टै पहिचान हुने गरी गरी तयारी लागो सार्वजनिक गरिने मन्त्रालयले जनाएको छ । सोमबार वीरेन्द्रनगरमा आयोजना गरिएको पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव कृष्ण प्रसाद आचार्यले भ्रमण वर्षको तयारीलाई तिव्र पारिएको बताए । भ्रमण वर्षको पहिलो दिन कर्णालीमा आउने पर्यटकहरुलाई विमानस्थल र नाकाहरुमा सम्मान गरिने तयारी पनि गरिएको छ । भ्रमर्ण बर्ष २०२० मा एक लाख विदेशी पर्यटक भित्र्याउने प्रदेश सरकारले लक्ष्य लिएको छ । आन्तरिक र बाह्य पर्यटक गरेर पाँच लाख भित्र्याउने लक्ष्य लिएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दबहादुर बुढाले जानकारी दिए । उनले भने,प्रदेश सरकार ले पर्यटन बर्षलाई लक्षित गरेर ४० वटा पर्यटकिय गन्त्व्य तोकेको जानकारी दिँदै पर्यटक आकर्षित गर्न सरकारले कार्यक्रम संचालन गर्ने बताए । प्रदेशमा निजी क्षेत्रसंग साझेदारी गरेर पर्यटक लक्षित कार्यक्रम संचालन गरिने मन्त्री बुढाले बताए । सबै स्थानीय तहसंग समन्वय गरेर



भ्रमण बर्षलाई सफल गराउने प्रदेश समन्वय परिषद बैठकले पनि निर्णय गरेको मन्त्री बुढाले जानकारी दिए । पर्यटन वर्षलाई सफल गराउन सबै पक्षको सहयोग आवश्यक रहेको मन्त्री बुढाले बताए । उनले कर्णालीमा पर्यटनको सम्भावना धेरै रहेको बताउँदै पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकार लागिपरिरहेको उल्लेख गरे । मन्त्रालयले पर्यटन प्रवर्द्धनमा ५२ प्रतिशत बजेट लगानी गर्न लागेको छ । मन्त्री बुढाले कर्णाली प्रदेशको १० बर्षिय पर्यटन गुरुयोजना निर्माणको अन्तिम चरणमा भएको जानकारी दिदै कर्णाली प्रदेश भौगोलिक रुपमा विकट भएकोले पाँच वटा पर्यटन क्षेत्र वटा तोकेर त्यही अनुसार प्याकेजका कार्यक्रम ल्याउने बताए । आगामी जेठसम्म रारा ताल वरीपरी साइकल यात्राका लागि पदमार्ग र से-फोक्सुण्डोमा पदमार्ग तयार गरिसक्ने पनि बताउनुभयो । पर्यटन बर्षलाई लक्षित गरेर पर्यटन बर्ष २०२० मा सुर्खेतका होटल व्यवसायिहरुले पर्यटकहरुलाई २० प्रतिशत छुट दिने भएका छन् । होटल व्यवसायि संघ सुर्खेतले आन्तरिक तथा बाह्य पर्यटकलाई १० प्रतिशत खाना र आवासमा १० प्रतिशत छुट दिने निर्णय गरेको थियो । कर्णालीमा पर्यटकहरुलाई आकर्षित गर्नका लागि छुट गरिएको होटल व्यवसायिक संघका अध्यक्ष गोरख रावतले बताए । उनले भने, पर्यटन बर्षलाई सफल गराउनका लागि सुर्खेतका सबै होटल व्यवसायी तयार रहेको बताए । उनले अनुसार, 'हामीले सुर्खेतका सबै होटलहरुमा आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्नका लागि २० प्रतिशत छुट गर्ने निर्णय गरेका हौं । यसले पर्यटक आगवनमा सहयोग पुग्ने अपेक्षा गरेका छौं ।' यसैबिच कर्णाली याफ्टिङ एण्ड एडभेन्चर प्रालि पञ्चपुरी सुर्खेतले याफ्टिङ मा ५० प्रतिशत छुट दिने जनाएको छ । कम्पनिले पर्यटन बर्ष २०२० अवधि भर ५० प्रतिशत छुट दिने कर्णाली याफ्टिङ एण्ड एडभेन्चर प्रालिका निर्देशक देवराज जैसीले बताए ।

उनका अनुसार भेरी नदिको जामु पुलदेखि भेरी कर्णाली दोभान हुँदै कुहिने पुलसम्म १५ किलोमिटर राफ्टीङमा दुई हजार शुल्क भएकोमा जनवरी १ देखी एक हजार मात्र शुल्क लिइने छ । याफ्टिङ का लागि आउने पर्यटकहरुलाई पञ्चपरी नगर पालिका वडा न ९ को सुन्दरपुरमा आवास र खानाको सुविधा पनि रहेको उनले बताए ।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# सुत्केरीको ज्यान जोगाउँनै सरकार सकृय

**विश्वनाथ सिम्खाडा**
**कालिकोट**

जिल्लाको रास्कोट नगरपालिका -२, सिपखानाका धैरै जसो महिलाहरु घरमै बच्चा जन्माउथे । उनीहरु घर नजिकै भरपर्दो प्रसूति सेवा नहुँदा



घरमै बच्चा जन्माउन बाध्य थिए ।घरमै बच्चा जन्माउने क्रममा कतिपयले अकालमै ज्यान गुमाउथे । स्थानिय का अनुसार घरमै सुत्केरी हुने क्रममा धैरै महिलाहरुले ज्यान गुमाएका छन् । धैरैजसो महिलाहरु जिल्लाको सदरमुकामा मान्म वा सुर्खेत, नेपालगंज जानु पर्ने बाध्यता थियो । सुत्केरी व्याथाले च्यापेपछि मात्र अस्पताल लिने यहाँका नागरिकको कारण धैरै जसो महिलाहरु समयमै अस्पताल पुग्दैनथे । जसका कारण उनीहरुको बटोमै अकालमै मृत्यु हुने गथ्यो । अहिले स्थानिय सरकारले साविकका प्रत्येक गाउँ विकास समितिका स्वास्थ्य चौकिहरुमा प्रसुति गृह स्थापना भएपछि महिलाहरुलाई सहज भएको छ । अहिले गाँउका स्थानिय महिलाहरु गाउँकै प्रसूति गृहमा बच्चा जन्माउन थालेका छन् । घर नजिकै सुत्केरी सेवा भएपछि महिलाहरु खुशि भएका छन । रास्कोट नगरपालिका वडा नं २ निवासि ललिता सिम्खाडा वर्षले २९ मात्र पुगिन । २९ वर्षको उमेरमा उनि ६ सन्तानकि आमा बनिसकिन । ५ छोरि र एक छोरी गरी उनका ६ सन्तान छन् । छोरा पाउने आशामा २९ वर्षको उमेरमा उनका ६ सन्तानको रुपमा उनको छोरा जन्मियो । ५ छोरी गोठमै जन्माएकी ललिताले छैटौं सन्तान छोरा नजिकैको प्रसूति गृहमा जन्माउँदा निकै सहज भएको बताइन् । 'पहिलै यसरी घर नजिकै सुरिक्षत प्रसुति गृह भइदिएको भयो, किन दुख र कष्ट सहनु पर्थ्यो । पाँच छोरी घरको गोठमै जन्माउँदा धैरै कष्ट सहनु पर्यो अहिले त सहजै छोरा जन्माएँ ।' उनीमात्र होइनन् सोहि वडा निवासि अमना सिम्खाडाले पनि भनिन्, यस भन्दा अगाढि असुरक्षित रुपमा घरको गोठमा बच्चा जन्माउने आमाहरुले निकै दुख र कष्ट खानु पर्थ्यो । अहिले त कति सुख कति सुख, प्रसुति गृहले सुत्केगरि

**बाँकी ८ पेजमा.....**

# सुर्खेतमा यूवाहरूको कचहरी

**लिलाराज संज्याल**
**सुर्खेत**

कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगरमा कालिकोट,सुर्खेत सेवा समाजले यूवा कचहरी सुरु गरेको छ । यूवामा आउने भएनक समस्यालाई प्रदेश समाज हुने अध्यक्ष सिम्खाडाले बताए । यूवालाई कुनै समस्या तथा सहयोग गर्ने उद्देश्यले यो अभियान गर्न थालेको छ । जोगाउनु छ कर्णालीको संस्कृति सभ्यता कालिकोटका तन्नेरीहरूको संयुक्त एकता भन्ने मुला नारा लिएर



निर्मल पार्न वा सामाधान गर्ने उद्देश्यले यो कार्यक्रमको थालनी गरिएको हो । कार्यक्रममा कालिकोट सुर्खेत सेवा समाजले गरेको कामको प्रसंसा गदै यस्ता कामलाई हरेक रुपमा सघाउने र प्रदेश सरकारबाट हुने सहयोग दिलाउने प्रयास गर्ने मुख्यमन्त्री महेन्द्रबहादुर शाहीका प्रमुख स्वकिय सचिब खेमबहादुर सिंहले वताए । यो समाज अगाडी वढाउन यूवाको एक साथ जरुरी छ । अरुको कुरालाई सानो देख्ने र आफ्नो कुरालाई ठुलो देख्ने समाजको यो द्धृष्टिले यो समाज पछाडी परेको रास्कोट नगरपालिका वडा नम्बर २ का अध्यक्ष दयाराम सिम्खाडाले बताए । उनले भने, समाज रुपान्तरण गर्ने यस्ता कार्यक्रम गरियो भने कालिकोट,सुर्खेत समाज मात्र होइन कर्णाली सेवा समाज अधि बढेको समाजका अध्यक्ष लोकेश पोखरेलले बताए । उनले भने, कालिकोट,सुर्खेत सेवा समाजले गरिब, निमुखा, पछि परेका दलितहरुलाई सहयोग गर्ने,कला,सस्कृतिको जगेर्ना गर्ने तथा कालिकोटका सवै सरकारी विद्यालयको अनुगमन गर्ने छौं । यो समाजले अवको २ वर्ष भित्रमा प्रदेश सरकार, स्थानीय सरकार र केन्द्रिय सरकार संग समन्वय गरि कालिकोटको ५ सय सम्म यूवालाई रोजगारीको वातावरण सिर्जना गर्ने यो समाजको प्रतिवद्धता रहेको छ । कार्यक्रममा यो समाजका सचिव गोकर्ण प्रसाद उपाध्यक्षले संचालन गरेको र कार्यक्रममा खगेन्द्र भट्टराई , असोक सिह, दयाराम सिम्खडा विधार्थी नेता जनक धमला लगायतको सहभागी रहेको थियो ।

# खानेपानीको मुहान प्रदूषित बन्दैं

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको खाँडाचक्र नगरपालिका-१ मान्म बजारको फोहोरले खानेपानीको मुहानै प्रदूषित भएको छ । फोहोरका कारण चुलीमालिका सामुदायीक वन क्षेत्रमा रहेको आख्लेनी खानेपानी मुहान प्रदूषित भएको हो ।



बजारबाट निस्कने फोहोर ट्याक्टरमार्फत जथाभावी खुला रुपमा जंलगमा खसालेपछि चुलीमालिका सामुदायिक वन क्षेत्रभित्रपर्ने ओख्लेनी जंगल पुरै दुर्गन्धित भएको छ । ओख्लेनी जंगलमा रहेको पानीको मुहान फोहोर भएपछि कर्पुखोला खानेपानी आयोजनानै प्रभावित भएको छ । नगरपालिकाले ओख्लेनी जंगलमा फालेको फोहोरका कारण स्थानीय ३५ घरधुरीहरुले उपभोग गर्दै आएको कर्पुखोला खानेपानी आयोजनाको पानीमा दुषित वस्तुहरु बग्ने, सामान्य वर्षा हुँदा पनि पानी धमिलो हुने, पानीमा फोहोरको बुभ्को लागेर पानी बन्द हुने र गन्ध आउने गरेको स्थानीय तुलराज पाण्डेले बताए । उनले भने, 'नगरपालिकाले फोहोर व्यवस्थापन नगरेकै कारण सियालाका स्थानीयहरुले दुषित पानी खान बाध्य भएका छन् । हामीले पटक पटक नगरपालिकालाई उक्त फोहोरको व्यवस्थापनका लागि आग्रह गरेका छौं । तर अहिले पनि ओख्लेनीको जंगलमा नगरपालिकाले फालेको फोहोर जस्ताको तस्तै छ ।' जिल्ला सदरमुकाम मान्म बजारसँगै जोडिएको वन क्षेत्रमा बजारको फोहोरले पुरै भरिएको छ ।

जहाँ कुहिने नकुहिने सबै फोहोरहरु एकै ठाउँमा मिसाइएको छ । विगत लामो समयदेखि कालिकोट उद्योग वाणिज्य संघ र खाँडाचक्र नगरपालिकाले बजारबाट निस्कने फोहोर ट्याक्टरमार्फत ढुवानी गरी खुला रुपमा जंगलमा खसाल्दै आएका छन् । खाँडाचक्र नगरपालिका-११ बराँतु,

**बाँकी ८ पेजमा.....**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# विप्लव कार्यकर्ता सक्रिय

मिसन न्यूज

कालिकोट


कालिकोट जिल्लामा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले गाँउ-गाँउमा सरकार विरुद्ध जनमत बटुल्ने अभियान थालेको छ । नेकपा कालिकोटले पार्टीको केन्द्रीय सांस्कृतिक टोली सामना परिवार र भेरी कर्णालीको सांस्कृतिक



टोली कालिकोटसँग मिलेर कार्यक्रम गरेको हो । नेकपाले जिल्लाका ९ वटा स्थानीय तहलाई अस्वीकार गरेको छ । पुराना साविकका ३० गाविसलाई आधार मानी कर्णाली नदी आसपास १७ वटा गाविसमा जिल्ला इन्चार्ज कर्णबहादुर भण्डारी बिराड र तिला नदी आसपासका क्षेत्रका १३ वटा गाविसमा जिल्ला सेक्रेटरी मनीलाल ऐडी रणदीपको नेतृत्वमा सरकार विरुद्ध जनमत बटुल्ने अभियान थालेको हो । अभियानमा नेकपाका जिल्ला स्तरका नेता, विभिन्न संघ संगठनका नेता तथा सांस्कृतिक टोली पनि सहभागी थिए । पार्टीको एकीकृत जनक्रान्ति जनतालाई बुझाउन र क्रान्तिका लागि जनआधार तयार गर्न आफूहरूले गाँउ केन्द्रित अभियान थालेको नेकपा कालिकोटका इन्चार्ज कर्णबहादुर भण्डारी बिराडले बताए । उनले भने, 'अहिलेको व्यवस्थाका विरुद्धमा जनाधार तयार गर्नु पार्टीको पहिलो प्राथमिकता हो । हामी त्यसैका लागि गाँउ(गाँउमा जनतासँग छलफल केन्द्रित छौँ ।' उनले विगतमा तत्कालीन नेकपा माओबादीको जनयुद्धले ल्याएको परिवर्तन र संस्थागत गर्न नसकिएका उपलब्धीका विषयमा जनतालाई जवाफ दिँदै एकीकृत जनक्रान्तिका लागि जनताको साथ माग्ने बताए। उनले गाँउ(गाँउमा सिंहदरबार आयो भनेर ल्याइएको लुटतन्त्रका विरुद्धमा जनकारबाही गरिने बताए। उनले गाँउमा रहेका भ्रष्ट जनप्रतिनिधि, ठेकेदार, विकासी योजनाका उपभोक्ता समितिसमेत निसानामा रहेको बताए। नेकपाका जिल्ला सेक्रेटरी मनीलाल ऐडी रणदीपले गाँउमा लुट मचाउने स्थानीय सरकारबाट नागरिक आजित भइसकेको बताए । समृद्धिका नारा दिएर कालिकोटमा भ्रष्टाचार गर्ने र सुर्खेत नेपालगञ्जतिर घर जग्गा खरीद गर्ने जनप्रतिनिधि, ठेकेदार र उपभोक्ता समितिमा रहने व्यक्तिलाई निरन्तर जनकारबाही गर्ने चेतावनी पनि दिए। केही दिन अगाडि मात्र दैलेख ठाँटिकाँध गाँउपालिका अध्यक्ष धिरबहादुर शाहीलाई अपहरण गरेको विषयमा जिल्ला सेक्रेटरी ऐडीले आर्थिक अनियमितताको गुनासो पार्टीमा आएकोले सोधपुछका लागि युवा संगठनले नियन्त्रणमा लिएको बताए। 'धिरबहादुर शाहीलाई प्रहरीले उद्धार गर्‍यौं भन्यो, तर हामीले सोधपुछ

**बाँकी ८ पेजमा.....**

# यसरी हावा पस्यो भने यस्तो खतरनाक



के तपाईंले कहिल्यै याद गर्नु भएको छ, कुनै पनि पानीको पाइपलाइनमा हावा पस्यो भने के हुन्छ ? बगिरहेको पानीको पाइपमा एउटा निश्चित परिणाममा हावा पस्ने हो भने, त्यस पाइपबाट आउने पानीको प्रवाह केही बेरको लागि रोकिन्छ। अर्थात्, केही बेरका लागि त्यस हावाले पाइपको पानीलाई ब्लक गरिदिन्छ ।

पानीको बेगले त्यो हावालाई नहटाएसम्म वा अन्य कुनै कारणले यो हावा त्यस स्थानबाट विस्थापित नहुन्जेसम्म त्यो पानी त्यत्तिकै रोक्किबस्छ। हाम्रो नशामा पनि पाइपमा पानी बगेजस्तै गरी रगत बगिरहेको हुन्छ । यसैले कुनै पनि माध्यमबाट हाम्रो रक्तबाहिनी नलीहरुमा हावा पस्यो भने, त्यो हावा रगतको साथ साथै हाम्रा रक्तनलीहरुमा बग्न थाल्छ । यसरी रगतका साथ हावा बग्ने क्रम तबसम्म जारी रहन्छ, जबसम्म त्यो हावाले आफ्नो आकारअनुरुपको नली भेट्टाउछ अर्थात् हावा सजिलै छिरेर पार गर्न सक्छ । तर हाम्रो शरीरमा कतिपय स्थानहरुमा अत्यन्तै सुक्ष्म रक्तनलीहरु पनि हुन्छन्, जसमा हावा छिर्न सक्दैन । यस्तो स्थानमा आइपुगे पछि रगतका साथ बगिरहेका हावाले ठीक त्यसरी नै रगतलाई नलीबाट बग्न अवरोध पैदा गरिदिन्छ, जसरी पानीको पाइपमा पसको हावाले पानीलाई गर्छ। त्यसरी हावा रगत रोकिदिएको स्थानभन्दा अगाडीको स्थानमा रगत आपुर्ति हुन पाउँदैन । त्यसरी रगतको आपर्ति हुन नपाएपछि त्यस्ता स्थानहरुका कोषहरुले पोषण र अक्सिजन प्रप्त गर्न सक्दैनन् । यो क्रम निश्चित अवधिभन्दा लामो समय सम्म कायम रहने हो भने, रगत आपुर्ति हुन नसकेको शरीरका अंगका कोषहरु मर्न थाल्छन् । अझ यो स्थिति मस्तिष्क जस्तो स्थानमा भयो भने त त्यो मान्छेको मृत्यु पनि हुन सक्छ ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

## राष्ट्रिय एकता प्रवद्धन हुने : प्रधानमन्त्री ओली

मिसन न्यूज

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले तमु (गुरुङ) समुदायको नयाँ वर्ष तथा प्रमुख चाड तमु ल्होसारको अवसरमा स्वदेश तथा विदेशमा रहेका दिदीबहिनी दाजुभाइमा सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय गर्दै अघि बढ्न यस पर्वले प्रेरणा दिने विश्वास पनि व्यक्त गरेका छन् । सन्देशमा तमु ल्होसार पर्वलाई गुरुङ समुदायमा नयाँ वर्षका रूपमा लिइने गरेको तथा गुरुङ (तमु) भाषामा 'ल्हो' भनेको दिन, र 'सार'लाई पुस १५ को रूपमा लिइने गरेको चर्चा गर्दै उनले भूगोलअनुसार भिन्न नामले उच्चारण गरिए पनि तमु ल्होछारलाई



शुभकामना व्यक्त गरेका छन् । ल्होसारका अवसरमा शुभकामना सन्देश दिँदै उनले तमु ल्होसार पर्वले तमु समुदायलगायत सम्पूर्ण नेपालीहरूको बीचमा हार्दिकता, धार्मिक सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने अपेक्षा गरेका छन् । हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो, यहाँ प्रचलनमा रहेका भाषा, धर्म, संस्कृति, वेषभूषालगायतका विविधता हाम्रा बहुमूल्य सम्पत्ति हुन् भन्दै प्रधानमन्त्रीले यस्तो विविधतायुक्त साझा सांस्कृतिक पूँजीलाई हामीले संरक्षण गर्दै आएको बताएका छन् । सन्देशमा प्रधानमन्त्री ओलीले तमु समुदायको रीति, परम्परा, संस्कृतिको संरक्षण र संवर्द्धन संसारभरि छरिएर रहेका गुरुङ समुदायले आफ्नो नयाँ वर्ष वा वर्ग फेरिने दिनका रूपमा मनाउने गर्छन् भनेका छन् ।

हाम्रो सुन्दर देशमा बहुसांस्कृतिक विशेषताहरु मौलिक पूँजीको रूपमा रहेका, एकता र सहिष्णुताको यो पूँजीलाई हामीले समृद्ध देश निर्माणमा सदुपयोग गर्नुपर्छ, विभिन्न संस्कृतिमा आधारित यस्ता पर्वहरु हाम्रो राष्ट्रिय एकता, पारस्परिक सद्भाव र सहिष्णुताका मौलिक पहिचान हुन्, नेपालको संविधानले धार्मिक स्वतन्त्रता र भाषा तथा संस्कृतिसम्बन्धी विषयलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ, सन्देशमा प्रधानमन्त्री ओलीले उल्लेख गरेका छन् ।

## नेपालीको पहिलो रोजाइ क्यानबेरा

रासस

अष्ट्रेलिया

अष्ट्रेलिया आएका नेपालीको आकर्षण सङ्घीय राजधानी क्यानबेरा बन्न थालेको छ । स्थायी बसोबासका लागि सहज हुने भए पछि विभिन्न शहरमा रहेका नेपालीको यहाँ बसाइँसराइ क्रम बढ्दो रहेको छ । राजधानी क्यानबेरा व्यवस्थित



र शान्तशरह हो । क्यान्बेराको जनसङ्ख्या चार लाख हाराहारी मात्र रहेको छ । विगत १२ वर्षदेखि बसोबास गर्दै आभएका गैरआवासीय नेपाली सङ्घ क्यानबेरा क्षेत्रका उपसंयोजक अशोक बस्नेत आफूहरु आउँदा २०० को हाराहारीमा रहेका नेपालीको सङ्ख्या हाल पाँच हजार नाघेको बताउँछन् । नेपालीद्वारा यहाँ सञ्चालित पहिलो शैक्षिक तथा अध्यागमन परामर्श केन्द्रका निर्देशक आदर्शजङ्ग पाण्डेले नेपालीको आकर्षण बढ्नुमा स्थानीय सरकारले अबलम्बन गरेको अध्यागमन नीति नै प्रमुख रहेको जानकारी दिए । क्यानबेराको सरकारले केन्द्र सरकारको नीतिअनुसार अष्ट्रेलियाका मुख्य शहरभन्दा क्षेत्रीय शहरमा आप्रवासीको सङ्ख्या बढाउने कार्यलाई प्राथमिकता दिएको छ ।

नेपालबाट आएकाहरु अन्य शहरबाट अध्ययन गरी स्थायी बसोबास (पीआर)का लागि यहाँ आउने गरेका छन् । नेपालीको सङ्ख्या उल्लेख्य वृद्धि भएसँगै विभिन्न सङ्घ संस्थाका गतिविधि पनि बढेका छन् । दुई चार वर्ष अघिसम्म नेपाली चलचित्र प्रदर्शन र नेपाली कलाकारका प्रस्तुति खासै रहेको थिएन । पछिल्ला वर्षहरुमा ती गतिविधि बढेका छन् । यहाँको अष्ट्रेलिया नेपाल फ्राइन्डसिप सोसाइटीका गतिविधि पनि बढ्दै गएको छ । ३७ वर्ष अघि यहाँका अष्ट्रेलियन र केही नेपाली विद्यार्थीले संस्था स्थापना गरेका थिए । संस्थाको पहिलो महिला अध्यक्ष खुस्बु न्यौपाने पछिल्ला वर्षहरुमा अष्ट्रेलियाका अन्य शहरमा रहेका नेपाली विद्यार्थी पनि यहाँ आउने क्रम निकै बढेको बताउँछन् । नेपालीको सङ्ख्या बढेसँगै सोसाइटीले नेपालका हितमा विभिन्न कार्यक्रम ल्याएको छ । क्यानबेराकाअधिकांश आवास क्षेत्रमा नेपाली भेट्न सकिन्छ । अस्पताल, व्यावसायिक मल, सरकारी कार्यालय, व्यापारिक केन्द्र, विश्वविद्यालयलगायतमा नेपाली कार्यरत रहेको देख्न सकिन्छ । नेपालीहरुको खेलप्रति रुचि र गतिविधि उल्लेख्यरुपमा बढेको छ । नेपालीहरुले क्यानबेरा नेपाली फुटबल क्लब, भलिबल क्लब र क्रिकेट क्लब गठन गरेर सामूहिक खेलकूद गतिविधि सञ्चालन गर्दै आएका क्रिकेट क्लबका अध्यक्ष कमल आचार्यले जानकारी दिए । सन् २०२० को अप्रिलमा अष्ट्रेलिया र छिमेकी देशमा नेपालीको सहभागितामा क्यानबेरामा वृहत् मेला हुने गरेको कार्यक्रमका ससंयोजक तथा अष्ट्रेलिया सरकारका वरिष्ठ जलस्रोतविज्ञ डा दुर्गादत्त कँडेल बताउँछन् । यहाँको सरकारी अस्पताल क्यानबेरा अस्पतालमा कार्यरत अष्ट्रेलिया नेपाल फ्रेण्डसिप सोसाइटीका जनसम्पर्क अधिकृत समिर अधिकारी स्थायी बसोबास र सुनिश्चित भविष्यको सहजताका लागि नेपाली आउने क्रम बढेको बताउँछन् ।

# सताको भाग्यफल

| | | |
|---|---|---|
| | **मेष :** | प्रयत्न गर्दा चिताएको काम सजिलै सम्पादन हुनेछ । धेरैको विश्वास जित्न सकिनेछ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरू समेत नजिकिएलान् । नाम, दाम र इनाम हातपार्ने समय छ । दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ । बीचमा आफ्नो लाभांश अरूले हत्याउने चेष्टा गर्नेछन्, सजग रहनुहोला । |
| | **वृष :** | जिम्मेवारी बढ्नेछ तर काम बिग्रने चिन्ताले सताउन सक्छ । अरूका काममा जुट्नुपरे पनि आध्यात्मिक ज्ञानले दुर्भावनाका तरंगहरू समाप्त हुनेछन् । सोमवारदेखि रोकिएको काम सम्पादन हुनेछ भने नयाँ कामतर्फ अग्रसर भइनेछ । प्रतिष्ठित व्यक्तिसँगको सहकार्यले फाइदा दिलाउनेछ । |
| | **मिथुन :** | प्रारम्भ केही खर्चिलो रहनेछ। स्वास्थ्य पनि कमजोर रहनेछ । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । काम बिग्रने डरले सताउन सक्छ । सोमवारदेखि स्थितिमा सुधार आउनेछ । सानो प्रयत्नले काम बन्नेछ भने अवसरले उत्साह जगाउनेछ । |
| | **कर्कट :** | प्रारम्भ रमाइलो रहनेछ भने चिताएको काम पनि बन्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । पुरुषार्थी काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ । सोम, मंगल र बुधवार भने अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला । अनायासै कामको बोझ थपिन सक्छ । |
| | **सिंह :** | मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन् । रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । लामो तथा रमाइलो यात्राको प्रक्रिया अघि बढ्नेछ । भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । |
| | **कन्या :** | सुरुमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउने हुँदा काम रोकिन सक्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । सोमवारपछि स्थितिमा सुधार आउनेछ भने विभिन्न अवसर प्राप्त हुनेछन् । व्यवसायमा प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । |
| | **तुला :** | प्रारम्भमा घरेलु समस्या सुल्झाउन जुट्नुपर्ला । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा अलि दुख्ख पाइनेछ । बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला । सोमवारदेखि स्थितिमा क्रमशः सुधार आउनेछ । प्रयत्न गर्दा हिम्मतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ । |
| | **वृश्चिक :** | प्रयत्न गर्दा ठूलै उपलब्धि हातलागी हुनेछ । सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ कर्म गर्न मन उत्साहित हुनेछ । शुभचिन्तकहरूले साथ दिनाले चिताएका काम सजिलै बन्नेछन् । सोम, मंगल र बुधवार भने घरायसी समस्याले अल्झाउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूबाट सतर्क रहनुहोला । |
| | **धनु :** | बोलीको प्रभावले मनग्य फाइदा उठाउन सकिनेछ । तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ । दिगो फाइदा हुने काम सुरु हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ । बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरूलाई वशमा ल्याउन सकिनेछ । मेहनतीहरूलाई समयले पनि साथ दिनेछ । |
| | **मकर :** | लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । मानसम्मान प्राप्त भए पनि वादविवादमा परिने सम्भावना देखिएकाले सजग रहनुहोला । सत्कर्ममा जुट्नेहरूलाई बोलीको भरमा काम बन्न सक्छ । |
| | **कुम्भ :** | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्ला । बेलामा होस नपुर्‍याउँदा अप्ठ्यारा चुनौती आउन सक्छन् । सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ । भोजभतेरको निम्तो आउन सक्छ । स्वास्थ्य कमजोर रहने देखिएकाले खानपानमा सजग रहनुहोला । |
| | **मीन :** | प्रारम्भमा प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । तापनि बुधवारसम्म अर्थ अभाव कायम रहनेछ । समयमा रकम हातलागी नहुँदा काममा पनि समस्या पर्नेछ । खर्चको मात्रा बढ्नेछ भने एउटै कामलाई दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |

## खानेपानीको......................

बदालकोट जाने बाटोसँग जोडिएको उक्त जंगलमा जथाभावी रुपमा फालिएको फोहोरले दुर्गन्धित भएको छ । सदरमुकामको फोहोर ल्याएर पुरै जंगल नै दुर्गन्धित बनाएर आफुहरुलाई आवतजावत गर्नै समस्या परेको स्थानीय कौसीला रोकायाले बताइन् । उनले भनिन्, ‘गाडीमा बजारको फोहोर ल्याएर खुला रुपमा बाटोको डिलबाट खसालिएको छ ।

यो बाटोबाट हामीलाई तरकारी ढुवानी गर्न समस्या भएको छ ।’ खाँडाचक्र नगरपालिका-१ का वडा अध्यक्ष गणेशबहादुर शाहीले बजारको फोहोरको उचित व्यवस्थापन गर्ने ठाउँको अभावमा खुला रुपमा जंगलमा फोहोर फाल्नु परेको बताए । उनले भने, ‘बजारको फोहोर फाल्नका लागि डम्पिङ साइड छैन् । डम्पिङ साइड निर्माणका लागि वडाबाट पाँच लाख बजेट विनियोजन गरी निर्माणको काम सुरुवात गरेका छौँ । डम्पिङ साइड निर्माण नभएसम्म जंगलमा फोहोर फाल्नु हाम्रो बाध्यता हो ।’

खाँडाचक्र नगरपालिका प्रमुख जसिप्रसाद पाण्डेले फोहोर व्यवस्थापनका लागि समस्या भएको बताए । उनले भने, ‘मान्म बजारमा सार्वजनिक जग्गाको पनि अभाव छ । सियालाका नागरिकले जंगलमा फोलेको फोहोरका कारण खानेपानीको मुहान नै प्रदूषित भएको भनेर गुनासो गरेका छन् । अबको १५ दिनभित्र त्यहाँको फोहोरलाई व्यवस्थित पुर्ने र बजारको फोहोर फाल्नका लागि विकल्पको ठाँउ खोजी गर्छौं ।’

## सरकारविरुद्ध......................

गरिसकेपछि छाडेका हौँ । हाम्रो लडाईं नेपाल प्रहरी, सेना जस्ता राज्यका सुरक्षा निकायहरुसँग छैन । हाम्रो लडाईं भनेकै भ्रष्ट, सामाजिक अपराधीसँगको हो यो लडाईं जारी राखेका छौँ ।’, उनले भने, ’तर भ्रष्ट जनप्रतिनिधि, ठेकेदार, उपभोक्तालाई पार्टीले जनकारबाही गर्दा कोही बाधक बन्न आउँछ भने प्रतिकार गर्छौं । जसबाट उत्पन्न परिणामको जिम्मेवार सरकार हुनुपर्छ । सरकारले नै हामीलाई जबरजस्त हिंसात्मक राजनीतिमा धकेल्न  खोज्दैछ । सरकारले पार्टीका गतिविधिमा दमनको नीति लिएको छ । यसले राम्रो परिणाम आउँदैन ।’ नेकपा निकट युवा संगठनका कर्णाली ब्यूरो इन्चार्ज सितल बिष्टले भ्रष्ट विरुद्ध युवा संगठनले निरन्तर जनकारबाही गर्ने बताए । उनले भने, ’हामी संसदीय दलाल र भ्रष्टचारीलाई छाड्दैनौं ।’

## ग्रामिण क्षेत्रमा......................

सचेतनामूलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइदिन हुन पनि प्रशासनले आग्रह गरेको छ । छाउपडी प्रथालाई प्रशय दिने गरी कुनै पनि गतिविधि भएको पाइएमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ बमोजिम कारबाही गर्न सबै सुरक्षा निकायलाई निर्देशन दिइसकिएको हुँदा त्यस प्रकारका गतिविधि नगर्न नगराउन समेत जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ ।

छाउपडी प्रथा उन्मुलनका लागि गठन गरिएको प्रमुख जिल्ला अधिकारी नेतृत्वको संयन्त्रको बैठकले छाउगोठ नराख्न सूचना जारी गरिएको छ । गोठमा राख्नेलाई कारवाही हुनेछ, जिल्ला प्रहरी प्रमुख डीएसपी श्यामबाबु ओलीयाले भने, सबै सुरक्षा निकायलाई निर्देशन प्राप्त भएको छ । छाउगोठ राख्ने तथा बस्न बाध्य बनाउनेका विरुद्ध सशक्त रूपमा कारवाही गर्छौं । छाउपडी प्रथा एक सामाजिक अपराध कुरीति अन्धविश्वास भएकाले महिनावारी भएका महिलामाथि सामाजिक भेदभावविरुद्ध समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत पनि सचेतना जागाइने डीएसपी ओलीयाले बताए । जिल्लाका स्थानीय तहमा छाउ वस्न बाध्य पार्नेलाई वृद्ध, सामाजिक सुरक्षा भत्ता, सहुलियत कर्जालगायतका सेवा समेत रोक्का गर्ने निर्णय समेत भएको डीएसपी ओलीयाले बताए । छुइ अथवा छाउपडी प्रथाको न्यूनीकरणका लागि स्थानीय सरकारले जनचेतनामूलक कार्यक्रम समेत गर्न अनुरोध गर्ने निर्णय गरेको छ । छाउपडी प्रभावित क्षेत्रमा समुदायिक प्रहरी साझेदारी कार्यक्रम चलाउने समेत निर्णय भएको छ । छाउ बस्न बाध्य पर्ने जोसुकैलाई प्रचलित कानुनअनुसार कारवाही गर्ने निर्णय समेत भएको छ ।

## एम्बुलेन्स अभाव..........................

तत्काल एम्बुलेन्सको विषयमा कार्यपालिका बैठकमा कुरा राखेर हप्ता दिन भित्रमा एम्बुलेन्स बनाइने बताए । जिल्ला धेरै स्थानीय निकायमा एम्बुलेन्स नै छैनन् । भने भएका एम्बुलेन्स समेत प्रयोगमा नआउदा सुत्केरी महिलाहरुले दु :ख भोग्नु परेको छ ।

‘भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य’

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग  पुऱ्याउन हुन अनुरोध छ ।

सर्म्पक ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## सुत्केरीको ज्यान ......................

गराए बाफत एक हजार पाँच सय पनि दिने सुरक्षित रुपमा सुत्केरि गराइदिन्छ सारै खुशि लागेको छ । प्रसूति गृह निर्माण एपछि होम डेलिभरी (घरमा सुत्केरी हुने) शुन्यमा झरेको छ । सवै महिलाहरु भौतिक गर्भजाच देखिसलएर बच्चा जन्माउन स्वास्थ्य संस्थामा आउन थालेको नगरपालिका स्वास्थ्य शाखा इन्चार्ज हंशराज बराललले जानकारी दिए । उनले महिलाहरु स्वास्थ्य संस्थामा आउन थालेपछि मातृ मृत्युदर घटेको बताए । मात्र मृत्युदर शुन्यमा झरेको छ ,‘उनले भने, हिजो आज सुत्केरी सेवा नपाएर कुनै पनि महिलाल ज्यान गुमाउन परेको छैन । स्वास्थ्य चौकीले प्रसूति गृहमार्फत भरपर्दो सुत्केरी सेवा दिन थालेपछि वडा नं. २ का स्थानियबासी मात्रै होइनन् सोही गाउँका छिमेकी पनि सेवा लिन थालेका छन् । ‘अप्रेशन मार्फत बच्चा जन्माउनु पर्ने अवस्था आएमा समयमै रेफर गर्ने गरेका छौँ ।’ वडा कार्यालयले प्रसूति सेवालाई अझै प्रभावकारी बनाउन थप योजना बनाएको वडा अध्यक्ष दयाराम सिम्खाडाले बताए । अहिले त बिना औजारमा पनि काम भइरहेको छ । भौतिक संरचना निर्माण गरी औजार उपकरणको थव व्यबस्था गर्ने बताए ।

## पर्यटकको......................

राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचारप्रसारको कमी छ । कर्णाली प्रदेशको प्रचुर सम्पदाले नेपालको समग्र समृद्धिलाई टेवा दिन सक्ने भए पनि यसको समुचित उपयोग हुन सकेको छैन । सुर्खेतको काँक्रेविहार, बुलबुले ताल, देउती बज्यै मन्दिर, कालीकोटको त्रिवेणी पाटनजस्ता सयौं पर्यटकिय क्षेत्र रहेका छन् । अहिले कर्णाली प्रदेशमा हजारौं पर्यटक पुग्ने गरेका छन् । पर्यटकमैत्री यात्रा र बसोबासका लागि प्रदेश सरकारले ठोस कार्यक्रमसहित उचित प्रबन्ध मिलाउन क्रियाशील रहेको छ ।

न्यानो कपडाको जोहो समयमै  गरौँ । शितल, लहरको समयमा घरवाहिर खुल्ला स्थानमा धेरै समय नविताऔँ । घरवाहिर निस्कनु परेमा वा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित ‘ख’ वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत